# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०७७ बैशाख-असार
## सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

## राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

# स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षकहरु उल्लेख गरिएका छन् । सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले २०७७ बैशाख-असारको अवधिमा सम्पादित प्रमुख कार्यहरु अन्य निकायका लागि नमूना मागदर्शन समेत होस् भनी प्रकाशित गरेका छौ । आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुरुप माग भएका सूचनाहरु उपलब्ध नगराउनेहरु विरुद्ध यस आयोगमा प्राप्त उजुरी, निवेदन तथा पुनरावेदनका आधारमा सूचना दिनु भन्ने आदेश जारी गर्ने कार्य गरिएको छ । यस अवधिमा १८ वटा उजुरी, निवेदन तथा पुनरावेदन यस आयोगमा दर्ता भएका छन् ।

यसै क्रममा, आयोगले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सिलसिलामा आ.ब. २०७६।७७ सालको बैशाख, जेठ र असार महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ । यसलाई आयोगले तीन महिना सम्पन्न भएको एक हप्ताभित्र प्रकाशित गरेको छ । यसै बमोजिम सबै सार्वजनिक निकाय स्वयं अग्रसर भै आ-आफ्नो विवरण सार्वजनिक गर्न आग्रह गरिन्छ ।

**राष्ट्रिय सूचना आयोग**

मिति : २०७७ साउन ७ गते

# विषयसूची


१. आयोगको स्वरुप र प्रकृति

२. आयोगको काम, कर्तव्य र अधिकार

३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. आयोगबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु

१५. सार्वजनिक निकायको वेभसाइट

१६. सूचना परियोजनामा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

## २०७७ बैशाख-असारको विवरण

## १. आयोगको स्वरुप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र एक जना महिला सहित दुई जना सूचना आयुक्त रहने व्यवस्था छ । नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ । आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुर्‍याउने, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय देवीनगर, बानेश्वर-१०, काठमाडौंमा रहेको छ ।

### क) आयोगको दुरदृष्टि

विकास, समृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको श्रृजना गर्ने ।

### ख) लक्ष्य

व्यक्तिगत मौलिक हकको संरक्षण गर्दै सूचना माथि नागरिकको पहुँच अभिबृद्धि गर्ने ।

### ग) उद्देश्य

१. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको कार्यान्वयन क्षमताको अभिबृद्धि गर्ने ।

२. छनौट भएका केन्द्रीय र स्थानीय सार्वजनिक निकायहरुमा सूचनाको माग र प्राप्ति सम्बन्धी व्यवस्थालाई सुदृढ गराउदै लैजाने ।

३. सूचनाको मागमा वृद्धिका लागि क्रियाशील संस्थाहरुलाई अभिप्रेरित गर्ने तथा सहजीकरण गर्दै कार्यक्षमतामा अभिबृद्धि गर्नुको साथै सहजीकरण गर्दै लैजाने र आपूर्ति पक्षसँग सहजीकरण गर्ने ।

### घ) रणनीतिक प्राथमिकताहरु

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धि गर्ने ।

२. सूचनाको हकको कार्यान्वयनको लागि उपर्युक्त वातावरण निर्माण गर्ने ।

३. सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वःस्फूर्त र क्रियाशील संस्थाहरुको अभिबृद्धि गर्ने ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः**

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

२.२. सूचनादाताको संरक्षण गर्ने ।

२.३. सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिव कारणविना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने ।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

२.१०. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

२.११. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल आयोगमा देहाय बमोजिमको ३९ स्विकृत दरवन्दीमध्ये हाल ३२ जना कर्मचारी कार्यरत रहेका छन् ।

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३९ जना |
| ३.२ | स्थायी कर्मचारी दरबन्दी संख्या | २१ जना |
| ३.३ | करार सेवा कर्मचारी | १८ जना |

अनुसूची-४०.१

# राष्ट्रिय सूचना आयोगको संगठन संरचना



**स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् :**

### ३.१ प्रशासन शाखा

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने ।
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने ।
- जिन्सी व्यवस्थापन गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।
- स्वीकृत कार्यक्रम सञ्चालन गर्ने गराउने ।

### ३.२ योजना, अनुगमन तथा प्रवर्द्धन शाखा

- प्रचार प्रसार सामाग्रीहरुको निर्माण, प्रकाशन तथा प्रशारण गर्ने ।
- सम्बन्धित सरोकारवाला निकाय, संघ सँस्था तथा गैरसरकारी सँस्थासँग समन्वय गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- गोष्ठी/सेमिनारहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन, समन्वय, सुपरिवेक्षण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
- सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।
- सूचनाको हकसम्बन्धी सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने ।

### ३.३ पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा

- सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउने, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्ने तथा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।
- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।
- पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने ।
- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने ।

## ४. आयोगबाट प्रदान गरिने सेवा :

४.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

४.२. सूचनादाताको संरक्षण गर्ने ।

४.४. क्षतिपूर्तिको निवेदन परेमा मनासिब माफिकको क्षतिपूर्ति भराई दिने ।

४.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

४.११ सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

राष्ट्रिय सूचना आयोगको

# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त नभएमा उजुरी/पुनरावेदन सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैशला कार्यान्वयन शाखा | दोस्रो तल्ला | – उप सचिव श्री बाबुराम पाण्डे<br>– कानुन अधिकृत शान्ती बाग्ले<br>– शाखा अधिकृत श्री मन्दिरा महर्जन<br>– नायब सुब्बा श्री बिदुर आचार्य<br>– नायब सुब्बा श्री देव बहादुर घिमिरे<br>– क.अ. श्री गौरव गुरुङ | – सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष पुनरावेदन दिनसक्ने ।<br>– यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।<br>– पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।<br>– पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने ।<br>– सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने । | कुनै शुल्क नलाग्ने | पुनरावेदन परेको ६० दिनभित्र | आयोगले गरेको सजाय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने, अन्यको हकमा पुनरावेदन नलाग्ने । आयोगको कार्य र प्रक्रियाका सम्बन्धमा प्रमुख सूचना आयुक्त समक्ष उजूरी गर्न सकिने । | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | भुई तल्ला | – उप सचिव श्री कपिल प्रसाद उपाध्याय<br>– शाखा अधिकृत सिजन कुमार ओली<br>– शाखा अधिकृत डिल्ली राम भट्ट | – योजना तथा प्रवर्द्धन शाखा प्रमुखले वार्षिक रूपमा संचालन गर्ने कार्यक्रम तयार गर्ने ।<br>– स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने ।<br>– सूचना परियोजना कार्यान्वयन गर्ने । | कुनै शुल्क नलाग्ने | निरन्तर | सचिव श्री मणिराम ओझा | |
| ३. | आयोगको दैनिक प्रशासन संचालन | प्रशासन शाखा | पहिलो तल्ला | – सह सचिव : श्री बिनु बज्राचार्य<br>– उप सचिव श्री दिवस आचार्य<br>– शाखा अधिकृत सन्ध्या सिग्देल – शाखा अधिकृत श्री हिरा कुमारी यादव<br>– नायब सुब्बा श्री हेमन्त रिज्याल<br>– क.अ. श्री रविन गौतम | – कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने ।<br>– स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने ।<br>– आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने । | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | सचिव श्री मणिराम ओझा | |
| ४ | सूचना अधिकारी /नोडल अफिसर | | | उप सचिव श्री दिवस आचार्य मो.नं. ९८५१२४४६६५ | | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | | |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | **प्रशासन शाखा** | श्री दिवस आचार्य | उप सचिव | |
| | | श्री हिरा कुमारी यादव | शाखा अधिकृत | |
| | | श्री सन्ध्या सिग्देल | शाखा अधिकृत | |
| | | श्री हेमन्त रिज्याल | नायव सुब्बा | |
| | | श्री देव बहादुर घिमिरे | नायव सुब्बा | |
| | | श्री रबिन गौतम | कम्प्युटर अपरेटर | |
| २. | **योजना तथा प्रवर्द्धन शाखा** | श्री कपिल प्रसाद उपाध्याय | उप सचिव | |
| | | श्री सिजन कुमार ओली | शाखा अधिकृत | |
| | | श्री डिल्ली राम भट्ट | शाखा अधिकृत | |
| ३. | **पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा** | श्री बाबुराम पाण्डे | उप सचिव (कानून) | |
| | | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | |
| | | श्री शान्ति वाग्ले | कानून अधिकृत | |
| | | श्री | नायव सुब्बा | |
| | | श्री गौरव गुरुङ्ग | कम्प्युटर अपरेटर | |
| ४. | **सचिवालय** | श्री | शाखा अधिकृत | प्रमुख सूचना आयुक्त |
| | | श्री | नायव सुव्वा | प्रमुख सूचना आयुक्त |
| | | श्री | शाखा अधिकृत | सूचना आयुक्तद्वय |
| | | श्री विदुर आचार्य | नायव सुव्वा | सचिव |
| ५. | **आर्थिक प्रशासन शाखा** | श्री | लेखा अधिकृत | |
| | | श्री नारायण प्रसाद अधिकारी | लेखापाल | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने । आयोगमा परेका उजुरी, निवेदन र पुनरावेदनको सम्बन्धमा कुनै दस्तुर नलाग्ने ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

### निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्व उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्व राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

### निर्णय गर्ने अधिकारी

सचिव श्री मणिराम ओभ्ना ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री मणिराम ओभ्ना ।

## ९. सम्पादन गरेको कामको विवरण (२०७७ बैशाख-असार)

९.१ आयोगमा परेका पुनरावेदन को संख्या १८ वटा फर्छ्यौटको संख्या १८ वटा

## १०. नोटिस वोर्ड सेवा : १६१८०७०७८२४२६ मा सम्पर्क गरी आयोगबाट भईरहेको कामकारवाहीको सूचना प्राप्त गर्न सकिने ।

## ११. सूचना अधिकारी र प्रमुखको नाम र पद

१. कार्यालय प्रमुख सचिव श्री मणिराम ओभ्ना

२. सूचना अधिकारी उपसचिव श्री दिवस आचार्य

## १२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**नेपालको संविधान**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४

- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६७
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरुको आचारसंहिता,२०७१
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- पुनरावेदन कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३
- राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

म.ले.प.फा.न.१३

राष्ट्रिय सूचना आयोग

काठमाण्डौ

खर्चको फाटवारी

२०७७ असार महिनाको

ब.उ.शि.नं. ३५८२१०११३ — चालु खर्च

| यस महिनाको खर्च | यस महिना सम्मको निकासा | बजेट रकम | बजेट शिर्षक | वार्षिक बजेट | यस महिना सम्मको खर्च | बांकी बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ९२३३६५।३० | ९,४४७,८६०।४० | २११११ | पारिश्रमिक कर्मचारी | ११५००००० | ९,४४७,८६०।४० | २,०५२,१३९।६० | |
| २१६१२२।०० | २,७२०,००६।२० | २१११२ | पारिश्रमिक पदाधिकारी | २७२१००० | २,७२०,००६।२० | ९९३।८० | |
| १००००।०० | ३२०,०००।०० | २११२१ | पोशाक | ४००००० | ३२०,०००।०० | ८०,०००।०० | |
| १६१८४२।०० | १६१,८४२।०० | २११२३ | औषधी उपचार | २००००० | १६१,८४२।०० | ३८,१५८।०० | |
| ४२०००।०० | ३९१,२६६।०० | २११३२ | महंगी भत्ता | ५०००००।०० | ३९१,२६६।०० | १०८,७३४।०० | |
| ०।०० | २००,०००।०० | २११३४ | कर्मचारीको बैठक भत्ता | २०००००।०० | २००,०००।०० | ०।०० | |
| ९०५००।०० | १९९,०००।०० | २११३९ | अन्य भत्ता | २०००००।०० | १९९,०००।०० | १,०००।०० | |
| ०।०० | ३००,०००।०० | २११४१ | पदाधिकारी बैठक भत्ता | ३०००००।०० | ३००,०००।०० | ०।०० | |
| ८४००।०० | ७२,४००।०० | २१२१३ | योगदानमा आधारित बिमाकोष खर्च | १०००००।०० | ७२,४००।०० | २७,६००।०० | |
| ०।०० | १३२,०८२।०० | २१२२९ | पदाधिकारीका अन्य सा.सु खर्च | ४०००००।०० | १३२,०८२।०० | २६७,९१८।०० | |
| ९७७२०।०० | ४४९,३४०।०० | २२१११ | पानी तथा विजुली | ५०००००।०० | ४४९,३४०।०० | ५०,६६०।०० | |
| २२००।०० | ३३३,६९७।०० | २२११२ | सञ्चार महसुल | ६०००००।०० | ३३३,६९७।०० | २६६,३०३।०० | |
| ०।०० | २९९,०८१।०० | २२२११ | इन्धन (पदाधिकारी) | ३०००००।०० | २९९,०८१।०० | ९१९।०० | |
| ०।०० | ६९९,८९९।०० | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७०००००।०० | ६९९,८९९।०० | १०१।०० | |
| ४३९४१।०० | १,४००,०००।०० | २२२१३ | सवारी साधन मर्मत खर्च | १४०००००।०० | १,४००,०००।०० | ०।०० | |
| ६१५५५२।०० | ६२०,०००।०० | २२२१४ | विमा तथा नविकरण खर्च | ६२००००।०० | ६२०,०००।०० | ०।०० | |
| ४७८१९।०० | १,३००,०००।०० | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १३०००००।०० | १,३००,०००।०० | ०।०० | |
| ९९७१०।०० | १९९,९३५।०० | २२३१३ | पुस्तक तथा सामाग्रि खर्च | २०००००।०० | १९९,९३५।०० | ६५।०० | |
| ९०००।०० | १७२,०२४।०० | २२३१४ | इन्धन अन्य प्रयोजन | २०००००।०० | १७२,०२४।०० | २७,९७६।०० | |
| ६३५०।०० | १३५,८२६।०० | २२३१५ | पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन | ३०००००।०० | १३५,८२६।०० | १६४,१७४।०० | |
| १३७०००।०० | ५२५,९८४।०० | २२४११ | सेवा र परामर्श खर्च | ६०००००।०० | ५२५,९८४।०० | ७४,०१६।०० | |
| ३१०६०१।०० | ४,१५१,६१०।९० | २२४१३ | करार सेवा शुल्क | ४६०००००।०० | ४,१५१,६१०।९० | ४४८,३८९।१० | |
| ०।०० | ९४०,७११।०० | २२५१२ | जनचेतना तालिम तथा | ३९०००००।०० | ९४०,७११।०० | २,९५९,२८९।०० | |
| २२२४१२।०० | ३,९२६,२५३।०० | २२५२२ | कार्यक्रम खर्च | ५७०००००।०० | ३,९२६,२५३।०० | १,७७३,७४७।०० | |
| ०।०० | ५,४८६,५५५।०० | २२५२९ | विविध कार्यक्रम खर्च | ८००००००।०० | ५,४८६,५५५।०० | २,५१३,४४५।०० | |
| ०।०० | ३९३,०७१।०० | २२६११ | अनुगमन मुल्यांकन खर्च | १००००००।०० | ३९३,०७१।०० | ६०६,९२९।०० | |
| २८९४१।०० | ६००,०००।०० | २२७११ | विविध खर्च | ६०००००।०० | ६००,०००।०० | ०।०० | |
| ०।०० | ३,०३६,०००।०० | २८१४२ | घरभाडा | ३३०००००।०० | ३,०३६,०००।०० | २६४,०००।०० | |
| ३०७३४७५।३० | ३८,६१४,४४३।५० | | जम्मा | ५०३४१०००।० | ३८,६१४,४४३।५० | ११,७२६,५५६।५० | |

कोषको अवस्था

बैकको नाम : ने.रा.बैक थापाथली, खाता नं : को.ले.नि.का. एकलकोष खाता

कुल बजेट रू ५०,३४१,०००।००

निकासा रू ३८,६१४,४४३।५०

खर्च रू ३८,६१४,४४३।५०

बाकी रू. ११,७२६,५५६।५०

पेश गर्ने:
दस्तखत :
नाम : नारायण प्रसाद अधिकारी
पद : लेखापाल

सदर गर्ने:
दस्तखत :
नाम : दिबस आचार्य
पद उप सचिव

## १४. तोकिए बमोजिमका अन्य विवरण :

- आ.व. ०७६/७७ (बैशाख-असार) मा उजुरी,निवेदन र पुनरावेदनको **विवरण १८ वटा**

## १५. अघिल्लो आ.व.मा संचालित कार्यक्रमहरू:

**आ.व.२०७६।७७ मा आयोगवाट सम्पादित प्रवद्धर्नात्मक कार्यक्रमबाट प्राप्त उपलब्धीको एक झलक :**

गत आर्थिक वर्षमा जिल्ला अभिमुखीकरण कार्यक्रममा जिल्लास्थित कार्यालय प्रमुख, सूचना अधिकारी, स्थानीय तहका जनप्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधि, पत्रकार र नागरिक समाजका अगुवाहरुसँग तपसिल बमोजिमका जिल्लाहरुमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

| सि.नं. | जिल्ला | कार्यक्रमको नाम | मिति |
|---|---|---|---|
| १. | विराटनगर | विराटनगर उच्च अदालत, जिल्ला अदालत विराटनगरका माननीय न्यायाधीश तथा कानून व्यवसायीहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया | २०७६।०५।०९ |
| २. | विराटनगर | प्रदेश नं. १ का प्रदेशसभाका माननीय सदस्यज्यूहरुसँग सूचनाको हकसम्बन्धी कार्यक्रम | २०७६।०५।०९ |
| ३. | दाङ | तुल्सिपुर उच्च अदालत, जिल्ला अदालत दाङका माननीय न्यायाधीश तथा कानून व्यवसायीहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया | २०७६।०५।२६ |
| ४. | बुटवल | बुटवल उच्च अदालत, जिल्ला अदालत रुपन्देहिका माननीय न्यायाधीश तथा कानून व्यवसायीहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया | २०७६।०५।२७ |
| ५. | महोत्तरी | कार्यालय प्रमुख, सूचना अधिकारी, सूचनाको हकका अभियन्ता, पेशागत संघसंस्थाका जनप्रतिनिधिहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया | २०७६।०७।२२ |
| ६. | पूर्वी रुकुम | कार्यालय प्रमुख, सूचना अधिकारी, सूचनाको हकका अभियन्ता, पेशागत संघसंस्थाका जनप्रतिनिधिहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया | २०७६।०७।२७ |
| ७. | सल्यान | कार्यालय प्रमुख, सूचना अधिकारी, सूचनाको हकका अभियन्ता, पेशागत संघसंस्थाका जनप्रतिनिधिहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया | २०७६।०७।२७ |
| ८. | डोल्पा | कार्यालय प्रमुख, सूचना अधिकारी, सूचनाको हकका अभियन्ता, | २०७६।०७।०४ |

| | | | |
|---|---|---|---|
| | | सञ्चारकर्मी, स्थानीय तहका जनप्रतिनिधिहरु र विभिन्न पेशागत संघसंस्थाका जनप्रतिनिधिहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया | |
| ९. | गुल्मी | कार्यालय प्रमुख, सूचना अधिकारी, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी, स्थानीय तहका जनप्रतिनिधिहरु र विभिन्न पेशागत संघसंस्थाका जनप्रतिनिधिहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया | २०७६।०८।०९ |
| १०. | बर्दघाट सुस्ता पूर्व | कार्यालय प्रमुख, सूचना अधिकारी, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी, स्थानीय तहका जनप्रतिनिधिहरु र विभिन्न पेशागत संघसंस्थाका जनप्रतिनिधिहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया | २०७६।०८।२७ |
| ११. | काठमाडौँ | कार्यालय प्रमुख, सूचना अधिकारी, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी, स्थानीय तहका जनप्रतिनिधिहरु र विभिन्न पेशागत संघसंस्थाका जनप्रतिनिधिहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया | २०७६।०९।२३ |
| १२. | काठमाडौँ | विभिन्न मन्त्रालय, आयोगका महिला अधिकृकतहरु, सुरक्षा निकायका महिला अधिकृतहरु, सञ्चारिका समूहका प्रतिनिधि, विभिन्न संघ संस्थाका महिला प्रतिनिधिहरु | २०७६।१०।२८ |
| १३. | संखुवासभा | कार्यालय प्रमुख, सूचना अधिकारी, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी, स्थानीय तहका जनप्रतिनिधिहरु र विभिन्न पेशागत संघसंस्थाका जनप्रतिनिधिहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया | २०७६।११।०८ |

## १६. सार्वजनिक निकायको वेवसाइट :

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट **www.nic.gov.np** रहेको छ ।

## १७. बजेट तथा कार्यक्रम :

रू. हजारमा

| क्र.सं. | विवरण | इकाइ | आ.व.०७६/७७ को लक्ष्य | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वार्षिक | | | प्रथम चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | |
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| १ | २ | ३ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| अ) पुँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | |
| १ | भवन निर्माण तथा पार्टेशन | वटा | १ | | १०९०० | १ | | ३६०० | १ | | ३६०० | १ | | ३७०० |
| | फर्निचर (दराज,टेवल कुर्सी सोफा) | | | | | | | | | | | | | |
| | 2.1 दराज | सेट | ३ | १.२९ | १५५ | | | | ३ | | १५५ | | | |
| | 2.2 टेवुल | सेट | ३ | | ६० | | | | ३ | | ६० | | | |
| | 3.3 कुर्सी | सेट | ३ | | ३० | | | | ३ | | ३० | | | |
| २ | 3.4 सोफा | सेट | १ | | ५५ | | | | १ | | ५५ | | | |
| ३ | मेसिन औजार (कार्यालय सञ्चालन सम्बन्धी यन्त्र उपकरणहरु कम्प्युटर) | वटा | ४ | १.०१ | ३०० | | ३.०० | २५० | | | | | १ | ५० |
| ४ | मोटरसाईकल/स्कूटर | वटा | २ | १.६९ | ५०० | २ | | ५०० | | | | | | |
| क | **पुँजीगत खर्च अन्तर्गतको जम्मा** | | १५ | ३.९९ | १२००० | २ | ३ | ४३५० | | | ३९०० | | | ३७५० |
| आ) | चालु खर्च अन्तर्गतका कार्यक्रमहरू | | | | | | | | | | | | | |
| १ | दिवस तथा समारोह मनाउने कार्यक्रमहरु | | | | | | | | | | | | | |
| | १.1 आयोग स्थापना दिवस मनाउने (वैशाख २२) | वटा | १ | १.२९ | ८०० | | | | | | | १ | | ८०० |
| २ | प्रवर्द्धनात्मक कार्यक्रम | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २.१ नेपाल टेलिभिजनमार्फत सूचनाको हकसम्बन्धी कार्यक्रम उत्पादन र प्रसारण | पटक | १० | ४.५६ | १३५० | १ | १ | १३० | ३ | | ३९० | ६ | | ८३० |
| | २.२ रेडियो नेपालमार्फत सूचनाको हक सम्बन्धी कार्यक्रम उत्पादन र प्रसारण | पटक | १६ | १.५५ | ५०० | २ | | ६३ | ६ | | १८८ | ८ | | २४९ |
| | २.३ गोरखापत्रमा जानकारीमूलक सामग्री प्रकाशन | पटक | १५ | ०.८१ | ५०० | ५ | | १६५ | ५ | | १६५ | ५ | | १७० |
| ३ | माग पक्षको सवलीकरण कार्यक्रम | | | | | | | | | | | | | |
| | ३.1 सूचनाको हकमा महिला सशक्तिकरण | वटा | २ | ०.४९ | ३०० | | | | २ | | ३०० | | | |
| ४ | वैदेशिक भ्रमण कार्यक्रम (आयोगका कर्मचारी) | पटक | २ | ३.३८ | १००० | | | | २ | | १००० | | | |
| ५ | संस्थागत क्षमता विकास | | | | | | | | | | | | | |
| | ५.१ आयोगको प्रकाशनः कार्यविधी ब्रोसियर निर्देशिका आदि छपाई | प्रति | १०००० | ३.३८ | १००० | ४००० | | ४०० | ३००० | | ३०० | ३००० | | ३०० |
| | ५.२ कर्मचारी क्षमता अभिबृद्धि | वटा | २ | १.५२ | ४५० | | | | २ | | ४५० | | | |
| ६ | अध्ययन/अनुसन्धान प्रकाशन | | | | | | | | | | | | | |
| | ६१ आर टि आइ अडिट (संघीय मन्त्रालय) | वटा | २२ | ४.०५ | १२०० | | | | | | | २२ | | १२०० |
| | ६.२ वार्षिक प्रतिवेदन लेखन तथा छपाइ (नेपाली तथा अंग्रेजी) | वटा | २ | २.३६ | ७०० | १ | | ३५० | १ | | ३५० | | | |
| ७ | अनुगमन तथा मूल्यांकन सम्बन्धी | | | ०. | | | | | | | | | | |
| | ७.१ हुलाक कार्यालयबाट सूचनाको हकको अनुगमन | जिल्ला | ७७ | ६.७५ | १९९९ | | | | ७७ | | १९९९ | | | |
| | ७.२ जिल्ला प्रशासन कार्यालयबाट सूचनाको हकको कार्यान्वयन | जिल्ला | ७७ | ६.५९ | १९५१ | | | | ७७ | | १९५१ | | | |
| | ७.३ सञ्चारकर्मी/अभियन्ता/पेशागत संघ संस्था मार्फत सूचनाको हक सम्बन्धी कार्यक्रम | प्रदेश र केन्द्र | ८ | ५.४१ | १६०० | ८ | | १६०० | | | | | | |
| ८ | पुरस्कार एवं सम्मान कार्यक्रम | | | ०. | | | | | | | | | | |
| | ८.१ आयोगमा रही काम गर्ने उत्कृष्ट कर्मचारी पुरस्कार | जना | २ | | १०० | | | | | | | २ | | १०० |
| | ८.२ उत्कृष्ट सूचना अधिकारी पुरस्कार | जना | ५ | ०.९३ | २७५ | | | | | | | ५ | | २७५ |
| | ८.३ उत्कृष्ट सूचनाको हकका अभियन्तालाई पुरस्कार | जना | ५ | ०.९३ | २७५ | | | | | | | ५ | | २७५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | अन्तर्क्रिया कार्यक्रमहरु | | | | | | | | | | | | | |
| | ९.१ जिल्ला स्थित कार्यालयका कार्यालय प्रमुख, सूचना अधिकारी लगायतसँग अन्तरक्रिया | जिल्ला | १२ | १२.१६ | ३६०० | २ | | ६०० | ५ | | १५०० | ५ | | १५०० |
| ख) | चालु खर्च अन्तर्गतका कार्यक्रमहरूको जम्मा | | | ५९.४६ | १७६०० | | | ३३०८.०० | | | ८५९३.०० | | | ५६९९.०० |
| ग) | जम्मा ( क + ख) | | | १००. | २९६०० | | | ७६५८.०० | | | १२४९३.०० | | | ९४४९.०० |
| घ) | अन्य चालु खर्च जम्मा | | | | ३२२०० | | | ११५०७.०० | | | १०३२८.०० | | | १०३६५.०० |
| ङ) | कूल जम्मा खर्च | | | | **६१८००.००** | | | १९१६५.०० | | | २२८२१.०० | | | १९८१४.०० |

**१८. आयोगले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली:** सबै सूचना खुल्ला रहेको ।

**१९. आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन : माग भएको र उपलब्ध गराएको १ वटा ।**

**२०. यस आयोगबाट निम्न प्रकाशन प्रकाशन गरी वितरण भएको छ ।**

२०.१ बार्षिक प्रतिवेदन २०६५/०६६-२०७४।०७५ सम्म

२०.२ सचित्र पुस्तिका

२०.३ खुल्ला सरकारी तथ्याङ्क (Open Government Data-OGD) सम्वन्धी प्रतिवेदन

२०.४ Guidelines of Public Information Officers (PIOS)

२०.५ आयोगका जानकारीमूलक ब्रोसियर

२०.६ National Startegic Plan of Action (NSPA) 2073, 2074, 2075

२०.७ Right to Information (RTI) Journal

२०.८ Proactive Disclosure Management System (PDMS) Guidebook

२०.९ Management Information System (MIS) Guidebook

२०.१० सूचनाको सन्देश (पाठ्यसामग्री)

२०.११ शिक्षक स्रोत सामग्री (सूचनाको हक र सुशासन)

२०.१२ अनुगमन तता मूल्यांकन प्रतिवेदन- २०७५

२०.१३ सफलताका कथा २०७३, २०७४, २०७५

२०.१३ विभिन्न वर्षमा आयोगबाट भएका मुख्य मुख्य आदेशहरु

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ ।**

फोन नं ०१-४४६४४१२, ४४९६५४४
फ्याक्स : ०१-४४९६५४५
इमल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np
Helpline: 01-4496544
Audio Notice :1618070782426